# साहित्य

देशले आफूलाई के दियो भनेर
सोच्नुभन्दा आफूले देशलाई के दिएको
छु भन्ने चिन्तन गर।
- जोन अफ केनेडी

नारी त्यस बेला चण्डी
बन्नुपर्दछ, जुन बेला
उसमाथि अन्याय हुन्छ।
- सन्तु श्रेष्ठ

व्यक्तिवृत्त

# पत्रकार कोशराज रेग्मी : मेरो विम्बमा

मोहन दुवाल



संखुवासभाको वानाबाट वि.सं. २०१४ देखि विराटनगरमा बसोबास गर्दै आएका कोशराज रेग्मीले जीवनका अधिकांश क्षणहरू साहित्य साधनामा, पत्रकारितामा र समाजसेवामा बिताएको देखिन्छ। अझ साँच्चिकै उनको मूल्यांकन गरिँदा भन्नुपर्छ- उनी असल पत्रकार भएर नै आफूलाई बाँच्न लगाएका छन्। पत्रकारिताबारे उनी आफ्नो दृष्टि यसरी फुकाउँछन्- पत्रकारिता कलामात्र होइन, यो एउटा शैक्षिक-राजनीतिक विज्ञान पनि हो। यस्तै खालको उद्देश्यमा आबद्ध भएर पत्रकारिता गरेका रेग्मीले 'बहुजन हिताय बहुजन सुखाय' मा नै पत्रकारिताको लक्ष्य, उद्देश्य र सापेक्षता हुनुपर्दछ भन्छन्। र, पत्रकार हुनका लागि बढी अध्ययनशील हुनुपर्ने आफ्नो अनुभव रहेको सन्दर्भ उनी आफ्नो लेख-रचनामा लेख्ने गर्छन्। वि.सं. २०१५ असार ८ गतेदेखि जनवार्ता पत्रिकाको प्रकाशन र सम्पादनमा लागेका यिनी बुढेसकालसम्म नै पत्रकार भई बाँचेर गएका हुन्।

पिता स्व. पिताम्बर उपाध्याय रेग्मी र माता स्व. खिलेश्वरीदेवी रेग्मीको कोखबाट ठूलो कान्छा भई वि.सं. १९८९ श्रावण कृष्ण चतुर्दशीमा पूर्व ६ नं. इलाका थुम पाँचखन वाना गाउँ (हाल संखुवासभा) मा जन्मेका कोशराज रेग्मी पछि मोरङ विराटनगर उप-महानगरपालिका वडा नं. १६ मा रेणुकादेवी रेग्मीकै स्नेह र माया पाएर जीवनपथमा लम्किरहेका थिए। त्यसताका अधिराज्यका मात्र नभई प्रवासका साहित्यिक एवम् पत्रकारिता क्षेत्रसँग सम्बन्धित विद्वान्हरूको जमघट हुने पूर्वाञ्चलको प्रमुख थलोका रूपमा उनको घर चिर-परिचित छ। प्रसिद्ध पत्रकार रेग्मीले राणाकालदेखि उनी बाँचेसम्म जीवनका उत्सर्गहरू समाज, देशकै लागि समर्पित गरेर गएका हुन्। आफ्नै ढङ्गले आफ्नै वर्कतअनुसारको सेवामा जुटेर समर्पण देखाएका यिनी प्रारम्भिक कालमा वामपन्थी युवक भई सक्रियता देखाए र पछि व्यवहारमा लाग्दालाग्दै प्रसिद्ध पत्रकार भई आफूलाई परिचय गराउन सफल भए।

कहिले कवि भएर, कहिले साहित्यिक चिन्तकजस्तो देखिएर र कहिले राजनीतिज्ञ बनेर पनि जीवनका समयहरू गुजारेका यिनी पछि पत्रकारिताको विकासमा मोफसलका असल पत्रकारका रूपमा आफूलाई प्रतिष्ठित गर्न सफल भए। झर्रोवादकका व्याख्याता, नौलो पाइलाका रचयिता, जनवार्ताका कुशल वार्ताकार रेग्मीले विराटनगरको साहित्यिक, भाषिक, सांस्कृतिक तथा पत्रकारिताको विकासमा विशिष्ट भूमिका निभाएका छन्। वरिष्ठ साहित्यकार चूडामणि रेग्मीका दाजु कोशराज रेग्मीले सामाजिक क्षेत्रमा धेरै योगदान पुऱ्याएर पनि पछि जनवार्ताकै माध्यमबाट पनि धेरै राम्रा कार्यहरू गरेर देखाएर गएका हुन्। जीवनको पछिल्लो कालखण्डमा आक्कलझुक्कल भए पनि जनवार्ता कथेर उनी गए। त्यसैले त उनी जनवार्ताको मार्मिकताबारे भन्ने गर्छन्- म मरेपछि मेरो लासमाथि कमसे कम अरू केही नभए पनि मेरो पत्रकार मित्रहरूले एकपन्ने मात्र किन नहोस् जनवार्ता दैनिक ओढाएर मेरो इच्छा पूरा गरिदिनू। आफ्नो सबैजसो उमेर पत्रकारिता क्षेत्रमै बिताउन सक्षम पत्रकारको उपरोक्त भनाइले बताउँछ- जनवार्ता उनको धुकधुकी र गरिमा हो।

संन्यासी संस्कृत कलेज, बनारसबाट मध्यमा, बनारस हिन्दू विश्वविद्यालयबाट बी.ए. र जर्मनीको बर्लिनबाट पत्रकारितामा स्नातकसम्म शिक्षा आर्जन गरेका यिनले बेलायत, जर्मनी, फ्रान्स, रुस, चीन, अमेरिका, जापान, भारत, थाइल्यान्ड, सिंगापुरलगायतका थुप्रै देश भ्रमण गरेका छन्। भोजराज, राघवराज, चिरञ्जीवी नामका छोराहरू र रीता नाम गरेकी छोरीका बाबु भएर, साथै चार नाति र एक नातिनीका हजुरबा भएर जीवनपथमा आफ्नै ढङ्गले बाँचेका एकजना योद्धा हुन् कोशराज रेग्मी। जसले अनेकौं दु:ख-दर्दका झमेलाहरू पार गरेर, अनेकौं षड्यन्त्र र जालझेलका कलुषिततासँग जुझेर 'कोश' भई बाँचे, उनै हुन् कोशराज रेग्मी। हातेमालो कवितासङ्ग्रहका कवि, पत्रकारिता क, ख, गका रचयिता पत्रकार कोशराजले आफूले बुझेका कुराहरू लेखेका छन्, आफूले भन्नुपर्ने कुराहरू भनेका छन्। थोरै मात्र कविता लेखेका तर कवितामा मर्म फुकाउन सक्षम कविजस्तै देखा परेका कोशराज रेग्मीका कविताहरूमा देशका प्रसङ्गहरू, मान्छेका मर्महरूबारे, असत-अन्यायका कलुषितताहरूकै विरुद्धमा आवाज बुलन्द भएर घन्किएका छन्। यसै सन्दर्भमा नेपाल र नेपालीको मानसिकतामा दास मनोवृत्ति नफर्कियोस् भनी उनले यसरी गाएका थिए-

*गीत गाऊ मायालु मादल ठोकेर*
*मलायामा नजाऊ बन्दुक बोकेर*

यसरी कवितामा पनि आफ्नोपन देखाउन सफल कोशराज रेग्मीका सम्बन्धमा विविध क्षेत्रका वरिष्ठ व्यक्तिहरूले आ-आफ्नो आँखाले हेरेका छन्। वरिष्ठ साहित्यकार श्यामप्रसाद शर्मा उनीबारे यसरी मन फुकाउँछन्- '२००७ सालको एकतन्त्र विरोधी क्रान्तिमा समेत नव युवावस्थामा नै उहाँ सामेल हुनुभएको थियो। त्यसपछि पनि नेपाली समाजमा रहेको राणावादी व्यवस्थाको विरोधका रूपमा रहिआउनुभएको छ।' उनको झर्रोवादमा रहेको संलग्नतासम्बन्धमा प्रा. वल्लभमणि दाहाल यसरी कटुसत्यलाई औंल्याउँछन्- 'मेरो मामाको नेतृत्व र अग्रसरतामा बनारसबाट भाषाशास्त्री बालकृष्ण पोखरेल, तारानाथ शर्मा, मेरा मामाहरू कोशराज रेग्मी, चूडामणि रेग्मी र म यस भाषा आन्दोलनमा संलग्न थियौं।'

वरिष्ठ भाषाशास्त्री तथा साहित्यकार बालकृष्ण पोखरेल, वरिष्ठ समालोचक डा. तारानाथ शर्मा, डा. गणेश भण्डारीका दौंतरी पत्रकार कोशराज रेग्मीलाई आफ्नो जीवनमा उनले गरेका सराहनीय कार्यहरूबापत थुप्रै संघसंस्थाले सम्मान गरेका छन्। सूचना विभाग, कोशी अञ्चलाधीश कार्यालय, तत्कालीन प्रधानमन्त्री सूर्यबहादुर थापाबाट समेत नगद पुरस्कार प्राप्त गरिसकेका रेग्मीलाई लेखनाथ जयन्ती समारोह समिति, विराटनगरबाट सम्मान, पत्रकार कल्याण कोष, मोरङबाट २०४५ सालमा सिर्जनशील पत्रकारिता पुरस्कार, भद्रपुर झापाबाट श्यामकृष्ण उपाध्याय स्मृति पुरस्कार, हरिसिंह दुगड च्यारिटेबल ट्रस्ट, विराटनगरबाट २०५२ सालमा कदरपत्र, नेपाल पत्रकार महासंघ, उदयपुर शाखाबाट सम्मान, महेन्द्र मोरङ आदर्श बहुमुखी क्याम्पस विराटनगर आदि संस्थाहरूबाट समेत उनी सम्मानित भइसकेका छन्।

डा. तारानाथ शर्माले मध्यममार्गी मित्रका रूपमा स्वीकारेका कोशराज रेग्मीले आफू महासचिव भएर वि.सं. २०२७ मा विराटनगरमा चतुर्थ देशव्यापी नेपाली साहित्य सेमिनारको आयोजना गरेका थिए। उनले बगाएको पसिनाका बुँदहरू हेरेर त्यस बेला यिनको तारिफ सबैले उक्त सेमिनारमा गरेका हुन्। यस्तै कार्य गर्न मन खुलाएका यिनी पछिसम्म पनि आफ्नो वर्कतले भ्याएअनुसारका सामाजिक जागरण ल्याउने कार्यहरूमा लागिरहेका थिए। विराटनगरको आयामभित्र राखेर नियाली हेर्दा जेठा पत्रकारकै रूपमा सबैले स्वीकारेका रेग्मीले आफ्नो माताकै स्मृतिमा २०४५ सालमा 'खिलेश्वरी पत्रकारिता पुरस्कार' स्थापना गरेर त्यस क्षेत्रका उत्कृष्ट पत्रकारहरूलाई सम्मान दिने परम्परा पनि शुरू गरेका हुन्।

सस्तो लोकप्रियतामा मन झुलाउन नजानेका तर केही गरिरहन रुचाउने कोशराज रेग्मीजस्ता अवसर छोप्न नजानेका यात्रीहरू यस देशमा ठगिनु दुर्भाग्य होइन। यहाँ त आफ्नो प्रचार आफैंले गर्न सिक्नुपर्छ, यहाँ त आफू जिउँदो रहेर पनि शहीद हुँ भनी भन्न सिक्नुपर्छ भन्छन् ठग मनोवृत्ति पालेका विद्वान् विश्लेषकहरू। तर होइन, ठग मनोवृत्तिले आर्जेका मन-मस्तिष्कहरू पछिसम्म कहिल्यै दिगो रहेको इतिहास थाहा छैन। भर्खरै २०७३ मा उनी बितेर गए पनि मैले पनि सम्झिनलायक भएकै कारणले आज पनि उनकै सम्झनामा यो विम्ब प्रकाशन गर्न रुचाइरहेछु। मलाई लाग्छ- मोफसलको पत्रकारिताको इतिहासमा उत्खनन गरेर हेर्नेहरूले नै कोशराजको योगदान अवश्य पत्ता लगाउनेछन्।


पुस्तक चर्चा

# बेहोसीका कथाहरू 'सेतो स्कार्फ'

किरण श्रेष्ठ

सविता श्रेष्ठ 'बेहोसी' धरानबाट उदय भएकी कवि हुन्। कवितामा मन दिन सफल यिनै कविले भर्खरै मात्र काठमाडौंमा 'सेतो स्कार्फ' कथासङ्ग्रह विमोचित गराए। यिनको पहिलोचोटि प्रकाशित कथासङ्ग्रह 'आफ्नै व्यथा आफ्नै तरङ्ग' हो। यिनका दुईवटा उपन्यासहरू 'अनन्तमा मिल्ने आशामा दुई समानान्तर रेखाहरू' र 'जीवन ज्योति' प्रकाशित छन्। साहित्यमा मन राख्न पाउँदा र साहित्य प्रकाशन गर्न पाउँदा यिनी खुशी हुने गर्छन्। यस्तै खुशीयाली 'सेतो स्कार्फ'को सार्वजनिकीकरणमा यिनले पोखे।

'सेतो स्कार्फ' कथासङ्ग्रहमा १६ वटा कथाहरू सङ्ग्रहीत छन्। यिनका सबैजसो कथाहरूमा बोधो मनका बोधो तरङ्गहरू प्रवाहित छन्। साहित्यमा अझ कथामा कथाकै रूप-रङ्गहरू नभए कथाको स्वरूप खल्लो-खल्लो बन्दछ। सविताका कथाहरू खल्लो-खल्लो नभएकै कारणले कथाहरू पठनीय छन्। 'अज्ञानता' कथामा अज्ञानीहरूले अन्धविश्वास आफ्नो काँधमा चढाएर आफ्नो र आफ्नो जनको समेत हत्या गराउँछन्। कथामा छाउपडीकै क्रममा शारदाको मृत्यु भएको, मृत्युपछि अज्ञानी आमासमेत सबै शोकाकूल भएको देखाइएको छ। आत्मबल सबै रोगको निदान हुने औषधि रहेको तथ्य कथामा देखाएर श्रेयालाई बलियो बनाउन सफल 'आत्मबलभित्रको यथार्थता' कथा समसामयिक र उपदेशात्मक छ। 'उपहार' कथामा आफ्नी आमालाई झुक्याएर वृद्धाश्रम पुऱ्याइदिएको कथा छ। यसभित्र सङ्ग्रहीत अन्य कथाहरूमा 'कथाभित्रको कथा' मा आमाको महानता बखानिएको छ।



यसै गरी 'खुशीका रङहरू'मा खुशीको अनैतिक चरित्रले हुन गएको हत्या वर्णित छ। सार्थक र सम्पदाका प्रेममय मायापीर्तिलाई अधुरो बनाएर दुर्घटनामा सार्थकको मोटरको ठक्करले भएको मृत्युलाई औंल्याइएको छ 'नियतिको खेल' कथामा। 'परिणाम' कथामा लुटेर, ठगेर बेइमानीपूर्वक जसरी सम्पत्ति कमाएको हुन्छ त्यसरी नै नष्ट भएर जान्छ भन्ने सन्देश दिन खोजिएको छ। 'पश्चात्तापको आँसु'मा साधनाले बच्चा नपाएको पीडाको कथा छ। गाउँबाट शहर गएका जीतबहादुरको जीवनको भताभुङ्गका कथाप्रसङ्गहरू छन् 'बन्धकी सपना' कथामा। 'मोक्ष'मा सन्तप्रसादको हुस्सु जीवनका प्रसङ्गहरू छन्। जीवनमा मान्छेले अनौठा लाग्दा घटनाहरू भोग्नुपर्दारहेछन्, यस्तै भोग्नुको कथा भएको छ यो कथा। 'यस्तो एउटा कल्पना' मा पात्र-यात्रहरूको जीवनप्रतिको कल्पना देखाइएको छ। स्वप्निलका कथा-व्यथाहरू 'स्वप्निल साँझ' मा वर्णित छ।

सबैजसो कथाहरूमा कथाकार सविता श्रेष्ठ 'बेहोसी'ले नेपालीहरूको वास्तविक चित्रण गर्न खोजेका छन्। पारिवारिक जीवन, प्रेममय कुराकानी, दु:खद रहनसहन, वियोगान्त कथा-सूत्रहरू सबैजसो कथामा घटना-प्रसङ्गका रूपमा व्यक्त भएका छन्। सर्वसाधारणले बुझ्ने खालका कथाहरू यस 'सेतो स्कार्फ' कथासङ्ग्रहमा समेटिएका छन्। बेहोसीको यस होसको 'सेतो स्कार्फ'मा सङ्ग्रह गरिएका कथाहरू केही कुराहरूको कमी रहेको जस्तो देखिए तापनि पढ्नलायकका छन्।

# पण्डितद्वारा 'आधासत्य'को लोकार्पण



काठमाडौं। नेपाली साहित्य श्रीवृद्धिको कार्यमा 'सहयात्री दर्पण नेपाल' कोसेढुंगा साबित हुने धारणा सामान्य प्रशासन तथा स्थानीय विकासमन्त्री लालबाबु पण्डितले राख्नुभएको छ। राजधानीमा हालै आयोजित एक कार्यक्रमा मन्त्री पण्डितले 'सहयात्री दर्पण नेपाल' नामक संस्थाको समुद्घाटन गर्दै उक्त धारणा राख्नुभएको हो। सो अवसरमा उपन्यासकार भगवती ढुंगेलद्वारा लिखित उपन्यास 'आधासत्य'को पनि प्रमुख अतिथिले लोकार्पण गर्नुभएको थियो।

सो अवसरमा समाज कल्याण परिषद्का उपाध्यक्ष नीलमणि बराल, वरिष्ठ साहित्यकार माया ठकुरी, वरिष्ठ साहित्यकार तथा पत्रकार मोहन दुवाल, अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज, नेपाल च्याप्टरका अध्यक्ष राधेश्याम लेकालीलगायतले आ-आफ्नो मन्तव्य प्रकट गर्नुभएको थियो। सो अवसरमा विभिन्न स्रष्टा तथा समाजसेवी, सञ्चारकर्मी एवं संस्थाका आजीवन सदस्यहरूलाई सम्मानित गरिनुका साथै प्रमाणपत्रसमेत प्रदान गरिएको थियो। कार्यक्रमको सभापतित्व संस्थाका अध्यक्ष गोविन्द कँडेल 'आँसु'ले गर्नुभएको थियो।

*पृष्ठ संयोजक : वरिष्ठ साहित्यकार मोहन दुवाल*

# साताको राशिफल

ज्यो. चन्द्रेश शर्मा

असार २३ देखि २९ गतेसम्म

**मेष**
तपाईंका लागि साताको शुरू र अन्त्यका दिनहरू उत्तम फलदायक देखिन्छन्। साथीभाइहरूबाट सहयोग, धन, खाद्यपदार्थ, उपहार, मिष्ठान्न भोजन प्राप्ति होला। व्यापार व्यवसायमा सफलता हासिल हुनुका साथै हर्षोल्लास बढ्ला। पढाइ, लेखाइमा प्रगति होला। तर साताको बीचभाग सोम, मंगल र बुधबार भने रोगव्याधिको भय, विवाद, चोटपटकको सम्भावना देखिन्छ। अधिक खर्च, तनाव, कष्ट बेहोर्नुपर्ला।

**वृष**
यो साताका मध्यदिनहरू तपाईंका लागि शुभ फलदायक छन्। सोम, मंलल र बुधबार केही आम्दानी हुने देखिन्छ। सानै प्रयासले पनि केही प्रगति होला। शुभ मांगलिक कार्यमा सरिक भइएला। तर बाँकी दिनहरू भने शुभ फल दिनेवाला देखिँदैनन्। धन हानि, मानसिक तनाव, काममा अरूचि होला। इज्जत-प्रतिष्ठामा आँच आउन सक्ने देखिन्छ। आशातीत उपलब्धि नहुँदा खिन्नता होला।

**मिथुन**
तपाईंका लागि साताको शुरू र अन्त्यका दिनहरू उत्तम फलदायक देखिन्छन् भने मध्यदिनहरू उपलब्धिमूलक छैनन्। सोम, मंगल र बुधबार स्वास्थ्य समस्या, विवाद, हानि-नोक्सानी, चोटपटकको सम्भावना देखिन्छ। अधिक खर्च र कष्ट बेहोर्नुपर्ला। तर बाँकी दिनमा भने धन, खाद्यपदार्थ, कोसेली-उपहार आदि प्राप्त होला। गरिरहेको पेसा व्यवसायबाट आशातीत लाभ होला। पढाइमा प्रगति होला।

**कर्कट**
तपाईंका लागि यो साता उपलब्धिमूलक नै देखिन्छ। विविध वस्तु वा सेवा प्राप्ति होला। कार्य सफल हुनाले मन आनन्दित होला। राजनीतिकर्मीबाट फाइदा लिन सकिने देखिन्छ। स्वस्थता एवम् आनन्दको अनुभूति होला। धेरथोर आर्थिक लाभ पनि हुनसक्छ। इज्जत प्रतिष्ठा बढ्नेछ। तर बिहीबार र शुक्रबार भने केही चिन्ता होला। कार्य बाधा, स्वास्थ्यमा गडबड हुनसक्छ।

**सिंह**
तपाईंका लागि साताको शुरूका दुई दिन शुभ देखिँदैन। शोक-सन्ताप बढ्ने, कार्य असफल हुने, ग्यास्टिक, अपचजस्ता समस्याले सताउला। सोमबारदेखि समय उत्तम फलदायक छ। पढाइ, प्रतियोगिता, खेलकुद, मुद्दामामिला आदिमा विजय हुनेछ। अधुरा कार्यहरू पूरा हुनेछन्। प्रेमप्रसंग सफल हुनेछ। आफ्नो जीवनसाथीबाट धेरै सहयोग मिल्नेछ। कतैबाट पुरस्कृत भइने सम्भावना छ।

**कन्या**
यो साताका धेरैजसो दिनहरू तपाईंका लागि त्यति उपलब्धिमूलक देखिँदैनन्। रोगको भय, काममा बाधा, आर्थिक नोक्सानी, शारीरिक कष्ट होला। काममा बाधा-व्यवधान आउन सक्छ। राज्यबाट सम्पत्ति कर वा अन्य विषयमा झमेला आइपर्न सक्छ। राजनीतिकर्मीबाट पनि असहयोग हुन सक्छ। साताको अन्त्य बिहीबार र शुक्रबार भने परिस्थिति सहज होला। सुख-सन्तोष, कार्यसिद्धि, क्षमता वृद्धि होला।

**तुला**
साताको पूवार्ध भाग अर्थात् शनिबार र आइतबार उत्तम फलदायक छ। धनलाभ, मानसम्मान, जीवनसाथीबाट ठूलो सहयोग हुनेछ। परीक्षा, खेलकुद, मुद्दामामिलामा विजय हुने सम्भावना छ। तर सोमबारदेखि दिनहरू त्यति फलदायक देखिँदैनन्। कार्यमा बाधा, रोगको भय, आर्थिक नोक्सानी हुने देखिन्छ। राज्यबाट भय, अपयश, प्रतिष्ठामा आँच नहोला भन्न सकिन्न। सतर्कता अपनाउनुहोला।

**वृश्चिक**
तपाईंका लागि यो साताका धेरैजसो दिनहरू फलदायक नै देखिन्छन्। कार्य सफल, स्वस्थता, भाग्योदय, उपहारादि वस्तु प्राप्ति हुने सम्भावना छ। प्रतियोगितात्मक कार्यमा विजयको संकेत देखिन्छ। धनलाभ, यश वृद्धि, वाहन लाभको सम्भावना छ। समस्याको समाधान एवम् अधुरा कार्य पूरा होला। तर बिहीबार र शुक्रबार भने काममा व्यवधान, स्वास्थ्य समस्या, आर्थिक नोक्सानी नहोला भन्न सकिन्न।

**धनु**
तपाईंका लागि साताको अधिकांश समय राम्रो फल दिनेवाला देखिन्छ। आइतबारसम्म उदरजन्य रोगको सम्भावना, दिनचर्या अस्तव्यस्त, पारिवारिक विवादको सम्भावना छ। तर त्यसपछिका दिनहरू धेरै उपलब्धिमूलक छन्। कहीँबाट आफू र आफ्नो परिवारको अनुकूल शुभ समाचार सुनिने, गरेको काम सफल हुने, आर्थिक लाभ हुने, प्रतिस्पर्धी वा शत्रुमाथि विजय हासिल हुनेछ। आँटेको काम पूरा हुनसक्छ।

**मकर**
तपाईंका लागि यो साताको शुरूका धेरैजसो दिन त्यति उपलब्धिमूलक देखिँदैनन्। साथीभाइ, इष्टमित्रमा विवाद नहोला भन्न सकिन्न। आर्थिक नोक्सानी, निरर्थक दौडधुप, कार्य असफल, मानसिक चिन्ता हुनेछ। पेसा व्यवसायमा विभिन्न झमेला आइपर्ने सम्भावना छ। तर साताको अन्त्य बिहीबार र शुक्रबार भने तपाईंको भाग्य चम्कनेछ। आर्थिक लाभ होला। खेलकुद, परीक्षा आदिमा विजय, कार्य सफल होला।

**कुम्भ**
तपाईंका लागि यो साता त्यति शुभ फलदायक देखिँदैन। हुन त साताका शुरू आइतबारसम्म पैसा प्राप्ति, पढाइ, व्यापारमा सफलता, मान-सम्मान वृद्धि, इज्जत-प्रतिष्ठामा वृद्धि हुनेछ। तर त्यसपछिका दिनहरू भने शुभ देखिँदैनन्। खानपानबाट अस्वस्थता, विनाउपलब्धिको दौडधुप हुनेछ। अपच, वायु-गानोगोलाजस्ता पेटको समस्याले सताउला। काममा जाँगर हराउनेछ। यसले गर्दा प्रतिफलमा कमी आउनेछ।

**मीन**
साताको मध्यभाग सोम, मंगल र बुधबारका दिनहरू शुभ फलदायक छन्। सामान्य प्रयासले पनि धन प्राप्ति, कोसेली-पुरस्कार प्राप्तिको सम्भावना छ। मान-सम्मान पाइएला। कार्यहरू सफल एवं विजयको सम्भावना छ। मानसिक शान्ति होला। तर साताको शुरू र अन्त्यका बाँकी दिनहरू भने उपलब्धिमूलक देखिँदैनन्। विवाद, धनहानि, अस्वस्थ हुने सम्भावना छ। के गरौं, के नगरौंको स्थिति आउला।